ढकारी गाउँपालिकाको ७ औ गाउँसभामा मिति २०७८ असार १० गते बिहिबार गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी साउँदले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७८/७९ को

# बजेट बक्तव्य

ढकारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ढकारी,अछाम
सुदुरपश्चिम प्रदेश,नेपाल

**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी साउँद ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यः**

ढकारी गाउँपालिकाको ७ औं गाउँसभा उद्घाटन समारोहका सभाध्यक्ष ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अतिथी दिर्घामा रहनुभएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,

विभिन्न कार्यालयका प्रमुख तथा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, प्रधानाध्यापक, शिक्षक महानुभावहरु, विभिन्न पेशागत संघसस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथीहरु,

गैरसरकारी संस्था, महासंघ, नेपाल पत्रकार महासंघ, तथा सरकारी तथा गैरसरकारी संघसस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु ,

एवम् स्थानिय उद्योगी, व्यापारी ज्यूहरु, महिला, बालवालिका, आदिवासी जनजाती, दलित, जेष्ठ नागरिक, अपाङ्गसंग सम्वन्धित संघसस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, संचारकर्मी साथीहरु, एवम् उपस्थित महानुभावहरु,

- सदियौं देखि नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रही आएको छ । लामो समय सम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन, संविधान सभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भई हाल हाम्रो देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति कार्यान्वयनमा रहेको छ । अहिले हामी संविधानको सर्व स्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतीपूर्ण रहेता पनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन ।

- आज म यस ढकारी गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट पेश गर्न उपस्थित छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धांजलि अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक एवं सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु ।

- राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्न अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

- वि.सं. २०७८ जेठ १५ गतेका दिन संघीय सरकारका अर्थमन्त्रीबाट आ.व. २०७८/७९ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ । साथै प्रदेश सरकारवाट २०७८ साल असार १ गते वार्षिक वजेट प्रस्तुत भई अनुदान प्राप्त भएको छ । संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट गर्ने तथा कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ ।

- यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

- विगत केही वर्षदेखि निरन्तर रुपमा हासिल हुँदै आएको उच्च आर्थिक वृद्धिदर कोरोना रोगको संक्रमण जोखिम न्यूनिकरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा अवलम्वन गरिएका कदमबाट प्रभावित भई यो वर्ष पनि आर्थिक वृद्धिदर घट्दै जाने अनुमान गरिएको छ । देश विकासको गतिमा अगाडि लम्की रहेको भएतापनि यस ढकारी गाउँपालिका यातायात तथा सञ्चारबाट बञ्चित पहाडी क्षेत्रमा रहेको परिप्रेक्ष्यमा जनताका जनप्रतिनिधिको आगमन सँगै यस गाउँपालिकाले विकासको अनुभूति गर्ने अपेक्षा लिन सकिन्छ । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र अछामकै सम्पत्तिको रुपमा रहेको छ । कृषि, औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको ढकारी गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडी नै परिरहेको छ । यद्यपी उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छा शक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा आएको छ । त्यसैले विकसित र समृद्ध ढकारी गाउँपालिका निर्माण गर्न हामीलाई कुनै बाहानाले छेक्नु हुँदैन । यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुर्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतीको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।

- हाम्रा सामु विभिन्न चुनौतीहरु रहेको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्ष ०७८/०७९ को बजेट तयार गरेको छु । यस बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छुः
    - संविधान कार्यान्वयनमा सहयोग गर्ने,
    - आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
    - कोभिड-१९ को महामारीबाट सृजना भएको विषम् परिस्थितिको सामना गर्दै विकासलाई सन्तुलित ढंगबाट अगाडि बढाउने,
    - विकासका पूर्वाधारहरुको विकास गर्ने,
    - वातावरण संरक्षण गर्ने,
    - राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

- यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरिएको छः
    - संघीयता कार्यान्वयन,
    - दिगो पुर्वाधारको विकास,
    - सामाजिक तथा आर्थिक विकास,
    - कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
    - रोजगारीका अवसरहरुमा वृद्धि,
    - सहभागितामूलक योजना तर्जुमा,
    - शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
    - पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
    - बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र व्यवस्थित सञ्चालन,
    - वन तथा जलाधार संरक्षण,
    - अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली,
    - सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय**

अब म यिनै चूनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०७८/०७९ को बार्षिक निति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## क) कोभिड १९ बाट सृजित संकट व्यवस्थापनतर्फ

१ आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुको तथ्यांक संकलन तथा प्रविष्टि गरि उक्त तथ्याकं केन्द्रमा सुचिकृत व्यक्तिहरुलाई श्रममुलक प्रविधिको प्रयोग गरि कार्यान्वियन गरिने आयोजनाहरुको छनौट गरि कार्यान्वियनमा ल्याइनेछ र गाउँमै रोजगारीको अवसर सृजना गरिनेछ ।

२ संक्रमण जोखिम कायम रहँदासम्म अशक्त, असहाय एवम आर्थिक रुपले विपन्न वर्गका लागि राहतका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

३ कोभिड १९ रोगको संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा खटिने स्वास्थ्यकर्मी लगायतका जनशक्तिका लागि आवश्यक सुरक्षाका सामाग्रीहरुको पर्याप्त बन्दोबस्त गरिनेछ ।

४ कोरोना रोगको संक्रमण र जोखिम कायम रहदासम्म रोकथाम र फैलावट नियन्त्रणका लागि आवश्यक क्वारेन्टिन तथा आइसोलेसनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५ कोभिड १९ रोगको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि चालिएका रोकथाममुलक कार्यक्रमहरु जस्तै सचेतनामुलक कार्यहरुलाई निरन्तरता दिइनेछ ।

## ख) पुर्वाधार विकास तर्फ

१. राजिमाला ढुङ्गाचाल्ना झोलुङ्गे पुल निर्माणका लागी आवश्यक वजेट बिनियोजन गरेको छु।
२. बलाता बेनिघाट सडक खण्डको निर्माण सम्पन्न गरिनेछ ।
३. शिशु सुधार आधारभुत विद्यालयको भवन निर्माणका लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।
४. त्रीपुरेश्वरी आधारभुत विद्यालयको भवन निर्माणका लागी आवश्यक बजेट बिनियोजन गरेको छु ।
५. गाउँपालिकाका मुख्य बजार क्षेत्रमा सडक बत्ती जडान गर्नका लागी आवश्यक बजेट बिनियोजन गरिएको छ ।
६. यस ढकारी गाउपालीका भित्र रहेको विभिन्न शाखा ग्रामिण सडक हरुको स्तरउन्नोती गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
७. विद्धुतको केन्द्रिय प्रशारण लाईनलाई ढकारी गाउँपालिको केन्द्रसम्म पुर्याइनेछ भने गाउँपालिका केन्द्रदेखि वडाकेन्द्रहरुसम्म लाईन विस्तार कार्यलाइ प्रथामिकता साथ अगाडि बढाइनेछ।
८. गलवाल ढुङ्गाचाल्ना टटाली मालुमेला सडक खण्डको स्तरोन्नती गरिनेछ ।
९. आ.व २०७८/७९ मा १७२ घरधुरी लाई सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत टिनका जस्ता पाता वितरण गर्ने व्यवस्था गरेको छु ।
१०. आधारभुत भवन निर्माण मापदण्ड पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
११. गाउँपालिका तथा वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागी आवश्यक बजेट बिनियोजन गरिएको छ ।

## खानेपानी तथा सरसफाइ तर्फ ढकारी गाउँपालिकाको आ.व २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

- व्यक्तिको स्वच्छ खानेपानीको अधिकार सुनिश्चित गर्न सबै खानेपानीको मुहानहरुलाई स्वतः गाउँपालिकाको स्वामित्वमा ल्याइ पानीको मुहान र धाराको संरक्षण गरी १ घर १ खानेपानीको निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वच्छ खानेपानीको दीगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक न्युनतम रकम मासिक रुपमा जम्मा गर्नुपर्ने नीति लिंदै खानेपानी योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ । साथै दीगोपनालाई संस्थागत गर्ने योजनाहरुलाई प्रोत्साहनको नीति लाइ निरन्तरता दिइनेछ ।
- विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु उपभोक्ताहरुको सहभागितामा दिगो रुपमा सञ्चालन गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- एक घर एक शौचालयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफनो घर अगाडी आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गर्ने र सार्वजनिक स्थलहरुमा शौचालय निर्माण गरिने नीति अबलम्बन गरिनेछ ।
- बजार केन्द्रको रुपमा विकास भैरहेका स्थानहरु, वडा केन्द्रहरुमा उत्पादन हुने व्यवस्थापन गर्न फोहोर व्यवस्थापन समिति गठन गरिनेछ र उक्त केन्द्रहरुलाई स्वच्छ सफा र हरियालीयुक्त बनाउने कार्य सबै उपभोक्ताहरुको हुनेछ ।

- बजारको रुपमा विकास भैरहेका स्थानमा सबै उपभोक्ताहरुलाई कुहिने फोहोरलाई प्रयोग गरी करेसाबारी घरबारी खेती गर्ने अभियानलाई प्रोत्साहन गरिनेछ । हरियाली बगैंचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लागु गरिनेछ ।
- ढकारी गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त क्षेत्र घोषणाको लागि विभिन्न अभियानहरु सञ्चालन गरिनेछ ।
- पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिति बढाउन पहल गरिनेछ ।
- ढकारी गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालय र बाल विकास केन्द्रहरुमा खानेपानी/ शौचालय निर्माण तथा प्रयोग को उचित प्रबन्ध गरिनेछ ।
- बिद्यालयमा बालक्लबहरु गठन तथा सक्रिय गराई खानेपानी तथा सरसफांइसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ग) आर्थिक विकास तर्फ

### क ) कृषि तथा पशुपन्छी

१. आ.व २०७७/७८ मा स्थामना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
२. "एक वडा एक नमुना फलफुल बगैचा"प्राविधिकको राय र कार्यविधि अनुसार ढकारी गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा २ रोपनि जग्गामा एक वटा  फलफुल बगैचा स्थापना गर्न कार्यक्रम अगाडी बढाइने छ ।
३. उत्कृष्ट कृषकलाई विशेष ब्यबस्थाको लागी कृषक दर्ता कार्यक्रम अगाडी बढाइनेछ ।
४. एक गाउँ एक कृषि तथा पशु प्राविधिकलाई मन्त्रालयसंगको समन्वय र सहकार्यमा व्यबस्थापन  गरिनेछ ।
५. ढकारी गाउँपालिका भित्रको कृषिको तथ्यांकलाइ एकिकृत गर्न कृषि तथ्यांकको गणना कार्य लाइ  निरन्तरता दिइनेछ ।
६. कृषि पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन युवा स्वरोजगारमुलक मागमा आधारीत युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
७. बाँझो जमिनमा फलफुल,तरकारी,खाध्यान्नबाली र पशुपंक्षीपालन गरेमा प्रति रोपनिका दरले कार्यविधि अनुसार विशेष अनुदान प्रदान गरिनेछ ।
८. करारमा सहकारी र सामुहिक खेतिलाइ प्रोत्साहन गरिनेछ ।
९. खाध्य पोषण सुधार गर्न " एक घर एक करेसा वारी " कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१०. कृषकको उत्पादनलाई बजारीकरण गर्न कृषि उपज संकलन केन्द्र स्थापना गर्ने कार्यलाई अगाडी बढाइने छ ।
११. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लगी साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१२. भकारो सुधार गरिएको टोलहरुलाई अर्गानिक हरियो टोल बनाउनको लागी विषेश अनुदानको कार्यक्रम संचालन गरिनेछ ।
१३. गाउँपालिका भित्रका पशुपंक्षिपालक कृषकका पशु तथा पंछीहरुमा लाग्ने विभिन्न रोगहरुको निशुल्क उपचार तथ खोप व्यबस्थापन लाइ निरन्तरता दिइनेछ ।
१४. दूध,मासु र अण्डामा आत्मनिर्भर बनाउनको लागी व्यबसायिक कृषकहरुलाई विशेष प्रोत्साहनको व्यबस्था गरिनेछ ।
१५. नविनतम् खोजमा आधारीत प्रविधियूक्त बनाउदै कृषकका लागी भरपर्दो सेवा उपलब्ध गराउन कृषि तथा पशुसेवा शाखा किसानको साथी कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
१६. पशु आहाराको विकास र व्यबसायिकता बढाउन डाले र भुई घाँसको व्यबस्था गरिनेछ ।
१७. ढकारी गाउँपालिका वडा नं ४ बलातामा सामुदायिक पशु सेवा केन्द्र को स्थापना गरिनेछ ।
१८. विभिन्न बालिको विउमा आत्मनिर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइने छ ।
१९. **" बनाऔ ढकारी,चिनौ आफ्नो माटो "** अभियान संचालन मार्फत युवाहरुलाई कृषि तर्फ उन्मुख हुने कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
२०. रैथाने बालिको उत्पादन तथा संरक्षणका लागि कृषकहरुलाई रैथाने वाली प्रर्वद्धन गर्न प्रेरित गरिनेछ ।
२१. मौरी पालनलाई थप व्यवसायिकीकरण गर्न मौरी पालक कृषकहरुलाई अनुदानका कार्यक्रम संचालन गरिनेछ ।
२२. कम्तिमा ५ वटा माउ भैसि पालक कृषकलाइ मासिक भत्ता उपलब्ध गराइने छ ।
२३. कम्तिमा ६० वटा माउ बाख्रा पालक कृषकलाइ मासिक भत्ता उपलब्ध गराइने छ ।
२४. कम्तिमा ३०० लोकल कुखुरा पालक कृषक लाइ मासिक भत्ता उपलब्ध गराइने छ ।

२५. कम्तिमा ५ रोपनी जग्गामा व्यवसायिक रुपमा तरकारी तथा फलफुल खेति गर्ने कृषक लाइ मासिक भत्ता उपलब्ध गराइने छ ।

२६. कोभिड१९ को महामारीका कारण स्वदेश फ-र्केका युवाहरुलाई कृषिमा आकर्षण गर्नका निमित्त विभन्न कार्यक्रमहरु संचालन गरि आत्मनिर्भर गराउने तथा कृषिमा युवा श्रम परिचालन गरिनेछ ।

**ख) महिला ,वालवालिका तथा जेष्ठ नागरिक**

१. महिलाको आर्थिक, सामाजिक, राजनीतिक र विकासात्मक क्षेत्रमा सहभागि बढाउने तथा मूलप्रवाहिकरण गरि सशक्तीकरण गर्दै दीगो विकासका लक्ष्य हासिल गर्न विभिन्न अभिमूखिकरण अन्त्रतक्रिया र चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

२. लैंगिक हिंसा निवारण कोष स्थापना गरि हिंसा पिडित महिलाहरुलाई सहयोग र उद्धार गर्ने ।

३. लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरितिहरु न्यूनीकरण गरि सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति दिलाउन जनचेतनामूलक कार्यक्रमहरुको सूचना रेडियो प्रबाह गर्ने ।

४. आकष्मिक बालकोषको स्थापना गरि हिंसा, द्धोन्द्ध पिडित, अनाथ र प्रकृतिक प्रकोपमा परेका बालबालिकाहरुलाई सहयोग र उद्धार गर्ने ।

५. स्थानीय सरकारप्रति अपन्त्व वोध गराउन पालिकाका विपन्न, सिमान्तकृत, एकल, दलित र पिछडिएका जेष्ठ नागरिकहरुको सम्मान स्वरुप उपाध्यक्ष कोशेली कार्यक्रम संचालन गर्ने ।

६. अपांगता भएका व्यक्तिका लागि सिपमूलक तालिम संचालन गरि स्वरोजगार गराउने ।

७. 'ग' र 'घ' वर्गका अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिहरुलाइ वार्षिक रुपमा निर्वाह भत्ताको व्यवस्था गरिने छ ।

**ग) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :**

१. स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ ।

२. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

३. आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

४. आ०७७./०७८ मा रोजगार सेवाकेन्द्रमा सूचिकृत १७८२ जना बेरोजगार श्रमिकलाई प्राथमिकता क्रमका आधारमा रोजगारीमा खटाइने छ ।

५. गाउँपालिकामा सञ्चालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारबाट नै लगाइने व्यवस्था गरिनेछ ।

६. १ करोड भन्दा कम बजेटका योजनामा ह्यावी इक्युपमेन्टको प्रयोगमा पूर्णरुपमा रोक लगाई बेरोजगार सूचिमा सुचिकृत श्रमिकलाई काममा लगाइने व्यवस्था गरिनेछ ।

७. बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य अघि बढाइनेछ ।

८. बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धि तालिम केन्द्रमा सिफारिस गरिनेछ ।

९. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीप मूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

१०. संघ तथा प्रदेश सरकारले ल्याएको कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

११. स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१३. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक वित्तीय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१४. रोजगार सेवा केन्द्रको सञ्चालन व्यवस्थापनमा थप प्रभावकारी वनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।

१५. गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार श्रमिकलाई परिचालन गर्न कूल बजेटको कम्तिमा २५ प्रतिशत रकम श्रमिकको ज्यालाको लागि छुट्याइनेछ ।

१६. भारत तथा वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई उद्धमशिलता विकास गराउन बिउँ पुँजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

१७. कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

१८. कामका लागि पारिश्रमिकमा, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरुसँग साझेदारीका लागि पहल गरिनेछ ।

**घ) लघु उद्यम विकास कार्यक्रम तर्फः**

१. गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिने छ ।

२. उद्यमीको स्तरोन्नती का लागी आवश्यकता पहिचान गरि उचित सिप विकास तालिमको व्यवस्था गरिने छ ।

३. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागी प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरेने छ ।

**ङ) सहकारी तथा गरिवि निवारण तर्फः**

१. सहकारी क्षेत्र लाइ व्यवस्थित गर्न सहकारी हेल्पडेस्क स्थापमा गरि सरल रुपमा सेवा प्रवाह गरिनेछ ।

२. नमुना सहकारि गाउँ कार्यक्रम सञ्चालन गरि एक घर एक शेयर सदस्य अभियान सञ्चालन गरिने छ ।

३. पुर्व सहकारी शिक्षा कार्यक्रम मार्फत गाउँपालिका भित्र सहकारी दर्ता गर्ने शेयर सदस्यहरु को क्षमता अभिवृद्दि गरिने छ ।

४. सहकारी संस्था दर्ता नविकरण नियमन तथा अनुगमन गरि संस्थागत क्षमता विकास गरिनेछ ।

५. एक सहकारी एक उत्पादन कार्यक्रम लाइ प्रवर्दन गरि सम्भाव्यताका आधारमा सहकारी मार्फत मागमा आधारित कार्यक्रम सञ्चालन गरिने छ ।

६. विभिन्न साझेदारि निकायहरु संग समन्वय गरि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

७. साविकको गरिवि निवारण कोष मार्फत सामुदायिक स्तरमा छरिएका समुह हरुको तथ्यांक संकलन गरि समुह शिक्षा कार्यक्रम मार्फत सहकारिमा रुपान्तरण गरिने छ ।

८. सहकारी सचेतना कार्यक्रम मार्फत विविध कार्यक्रम सञ्चालन गरिने छ ।

**घ) सामाजिक विकास तर्फ**

**क ) शिक्षा तथा खेलकुद**

**१** बालविकास केन्द्रहरुको कार्यसम्पादनमा दक्षता अभिवृद्धि गर्न नियमित अनुगमन निरिक्षण गरी आवश्यक सुधार गर्दै विभिन्न कर्यक्रम संचालन गर्दै लगिनेछ ।

**२** निःशुल्क सहज र सर्वसुलभ शिक्षा प्रदान गर्नका लागी स्थानीय करार शिक्षकहरुलाई निरन्तरता दिइनेछ तथा शिक्षक अभावलाई न्यूनिकरण गर्न शिक्षक छनौट परीक्षा संचालन गरिनेछ ।

**३** प्रविधिमैत्री शिक्षण सिकाइका लागी कम्प्युटर विषयको शिक्षकको लागी र विद्यालयको IEMIS focal person लाई ICT तालिमको व्यवस्था गरीनेछ ।

४ सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रदान गरीदै आएको अनुदान रकममा नेपाल सरकारको प्रचलित व्यवस्थानुसार अनुसार निरन्तरता दिइने छ ।
५ सामुदायीक विद्यालयको भौतिक पूर्वाधार निर्माण गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ ।
६ सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रम संचालन गरिनेछ ।
७ पालिकाले संचालन गर्दै आएको उपलब्धि परीक्षा वार्षीक परीक्षा र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गरिनेछ ।
८ विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दि गर्न स्थानीय स्तरमा उपलब्ध सामाग्रीको प्रयोगलाइ जोड दिन लगाईनेछ ।
९ Covid- 19 संक्रमणको कारण शिक्षा क्षेत्रको क्षति न्यूनिकरण गर्नका लागी गाउँपालिका भित्रका न्युनतम योग्यता पुगेका व्यतिहरुको लगत संकलन गरी आवश्यकताका आधारमा टोल शिक्षा कार्यक्रममा खटाइनेछ ।
१० Covid 19 को कारण सिकाइ कार्यक्रमलाई निरन्तरता दिन विद्यालयहरुलाई CUG कार्यक्रममा आबद्ध गर्ने,आधारभूत विद्यालयहरुलाई इन्टरनेट जडान गर्ने र विद्यार्थीहरुलाई स्वास्थ्य सामाग्री खरिदका लागि संघीय सरकारले विनियोजन गरि कार्यक्रम संचालन गरिनेछ ।
११ COVID -19 जस्ता माहामारी र विषम परिस्थितिको बेला क्षति न्यूनिकरणको अभिप्रायले वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गरी विद्यालयको सिकाइलाई निरन्तरता दिइने छ ।
१२ विद्यार्थी संख्याको आधारमा एक विद्यालय एक पुस्तकालय कार्यक्रमलाई लागु गरिने छ ।
१३ विद्यालय बाहिर रहेका व्यतिहरुको लगत संकलन गरि अनिवार्य रुपमा विद्यालय भर्ना गरीने र कम्तिमा आधारभूत तहको शिक्षा निशूल्क र माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरिने छ।
१४ विद्यार्थीमा सिकाइ क्रियाकलापमा उत्प्रेरित गर्न जेहेनदार विद्यार्थी पुरस्कार कार्यक्रम गरिनेछ ।
१५ कक्षा ६ देखी १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई sanitary pad को व्यवस्थापन गर्न अनुगमनलाई गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१६ ढकारी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्यापन गराइरहेका करार शिक्षकहरुको प्रकृया पुर्याइ नियुक्ति गर्नका लागी विषयविज्ञ छनौट गर्ने ।
१७ सामुदायिक विद्यालयमा तथ्याङ्क सत्यापन कार्यक्रम संचालन गरिने छ ।
१८ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक कार्यक्रम निर्माण गर्न सिकाइ उपलब्धि वृद्दि गर्न, स्थानिय सरकार, शिक्षक कर्मचारी, वि व्य स अभिभावक बिच समय समयमा छलफल तथा गोष्ठी संचालन गर्ने ।
१९ गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताको लागी शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइनेछ ।
२० कोभिड पछि विद्यालय संचालन गर्दा बालबालिकाको सरसफाइ र स्वास्थ्यमा नकरात्मक असर नपरोस भन्नका लागी साबुन मास्क sanitizer gloves आदि स्वास्थ्य सामाग्री खरिद तथा वितरण गरिनेछ ।
२१ ढकारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरीनेछ ।
२२ ढकारी गाउँपालिका भित्रका समग्र शैक्षिक क्षेत्रको विवरणहरु अध्यावधिक गरी प्रकाशन गरीनेछ ।
२३ विद्यालयको लेखा व्यवस्थापनका र सार्वजनिक खरिदका लागि विद्यालयका प्रधानाध्यापक र लेखापालका लागि विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिमको संचालनको व्यवस्थापन गरिनेछ ।
२४ नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि कक्षा २,३,६मा अध्यापन गर्ने शिक्षकको लागि शिक्षक तालिमको व्यवस्थापन गरिनेछ ।
२५ स्थानीय तहको शैक्षिक योजना तर्जुमा गर्नका लागि प्राविधिक समिति गठन गरि गाउँपालिका स्तरीय शिक्षा योजना निर्माण गरिनेछ ।
२६ स्थानीय पाठ्यक्रमको अभाव भएको वर्तमान अवस्था मध्यनजर गरि गाउँपालिका भित्र प्राथमिक तहको लागि स्थानीय विषय सुहाउदो पाठ्यक्रम निर्माण गरिनेछ ।
२७ आवश्यकता अनुसार प्र अ बैठक संचालन गरि विद्यालयको प्रगति विश्लेषण गरिनेछ ।
२८ बालवालिकाको शैक्षिक प्रतिभाको पहिचान तथा प्रस्फुटन गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

२९ बालवालिकाको शैक्षिक गुणस्तर सुधारका लागि मा वि तहका विद्यार्थीलाई परियोजना कार्य मार्फत संचालन हुने गरि दौतरी शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

**ख) स्वास्थ्य**

ढकारी गाउँपालिका को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै ढकारी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

१. ढकारी गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारि वनाउँदै, रक्षात्मक र प्रवर्द्रधनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरि प्रभावकारी रुपमा बस्ति र घरधुरि सम्म पहुँचको सुनिश्चित गरिने छ ।

२. ढकारी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

३. ढकारी गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा प्रवर्धनात्मक), प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ ।(

४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।

५. निजि क्षेत्रका स्वस्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसिरुलाई प्रचलित कानुन बमोजिम सेवा प्रवाहको मुल धारमा ल्याई ब्यबस्थित रुपमा सेवा संचालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरीने छ र नियमित अनुगमन गरिने छ ।

६. न्यूनतम सेवा मापदण्ड (Minimum survice standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard ) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।

७. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ ।

८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ ।

९. स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।

१०. ढकारी गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

११. स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवद्र्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ, वडा तथा पलिका स्तरमा बहुक्षेत्रिय पोषण योजना अनुसार पोषण कार्यक्रमलाई रिन्तर र प्रभावकारी रुपमा संचालन गरिने छ ।

१२. विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

१३. मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिने स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रुपमा शिक्षण संस्थाहरु मार्फत प्रवाहित गर्ने । मानसिक स्वास्थ्य नीति लाई समायानुकुल परिमार्जन गर्ने ।

१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिने छ ।

१५. स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ ।

१६. बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।

१८. अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ ।

१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ ।

२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईने छ ।

२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग , गलगाँड, लागूपदार्थ दुव्र्यसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

२२. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।

२३. तथ्यांक,जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२४. आयूर्वेद लगायतका स्वास्थ्य सेवा स्थापना थप ब्यबस्थित, मजवुत र गुणस्तरिय वनाईने छ ।

२५. सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जिवनशैलि यापन लाई निरुत्साहित गरि नियमन गरिने छ र स्वस्थकर जिवनयापन गराउन जनचेतनाका कार्यक्रम, शारिरिक ब्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवद्धन गरिने छ ।

२६. सबै स्वास्थय संस्था, स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्यांकलाई बैज्ञानिक ढंगबाट ब्यबयस्थित गर्न आवस्यकता अनुसार तालिम तथा स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै, अनलाईन रेकर्डिङ्ग र रिपोटिंङ्ग गर्ने ब्यवस्था मिलाईने छ ।

२७. यस ढकारी गाउँपालिको केन्द्रमा थप जनशक्ति सहितको कम्तिमा १० शैयाको अस्पताल निर्माण गरि स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ

**ग) बहुक्षेक्षत्रीय पोषण कार्यक्रमतर्फ**

- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीयपोषण योजनाकार्यान्वयनलाई उच्चप्राथमिकतामा राखिनेछ ।
- बहु क्षेत्रीयपोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम,बाल मैत्री स्थानीयशासनआदि समेतमा बहु क्षेत्रीयपोषण योजनालाई समावेश गर्दै लगिने छ ।

**ङ) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ**

- गा.पा.को कार्यालय, शाखा तथा वडामा सेवा प्रवाहलाई थप छिटो छरितो र प्रभावकारी बनाउन सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरिनेछ।
- पदाधिकारी एव कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ। सो का लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त र उत्तरदायी बनाइनेछ र भ्रष्टाचार प्रति शुन्यसहनशीलताको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभका अवसर र सम्भावना लाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। राजश्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्ने प्रयास गरिने छ। साथै राजश्व सुधार योजना तयार गरिनेछ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा बढ्दो चुहावट नियन्त्ररण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ। स्थानीय समुदाय एव स्थानीय प्रशासन सुरक्षानिकाय सँगको सहकार्यमा अनुगमनलाई तिव्रतादिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस ढकारी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. ३० लाख कर राजश्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस

क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचना मूलक एवं सचेतना अभिवृद्दि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजश्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु । अनुमानित आय तर्फ **संघ**बाट प्राप्त हुने **वित्तीय समानीकरण** तर्फको अनुदान रकम रू. **८ करोड ९० लाख**, **प्रदेश** वाट **वित्तीय समानीकरण** तर्फको अनुदान **रू ६० लाख ३४ हजार**, **संघबाट** प्राप्त हुने **राजश्व वाँडफाँड** वाट रू. **८ करोड २५ लाख ३९ हजार** रूपैँया र **प्रदेश** वाट प्राप्त हुने **राजश्व वाँडफाड** बाट रू. **१६ लाख १३ हजार, संघ** सरकारवाट प्राप्त हुने **शर्शत अनुदान १५ करोड ४९ लाख, संघ** सरकारबाट प्रप्त हुने **विशेष अनुदान** रु **९२ लाख, प्रदेश**बाट प्राप्त हुने **विशेष अनुदान** रु **२५ लाख** तथा **संघ** सरकार बाट प्राप्त हुने **समपुरक अनुदान** रु **६१ लाख** र **आन्तरिक आम्दानी**को अनुमानित प्रक्षेपण रू **३० लाख** गरी **कुल जम्मा** वजेट रू **३५४८८६०००। ३५ करोड ४८ लाख ८६ हजार** हुने अनुमान गरेको छु ।

**आ.व.२०७८/०७९ का लागी**

**ढकारी गा.पा .जम्मा आयको विवरण**

| क्र. स. | तह/ प्रकार | समानीकरण अनुदान | सशर्त अनुदान रु. | बिशेष अनुदान | समपुरक अनुदान | राजश्व बाँडफाँट | आन्तरिक स्रोतबाट आय | अन्य स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | संघ | ८ करोड ९० लाख | १५ करोड ४९ लाख | ९२ लाख | ६१ लाख | ८ करोड २५ लाख ३९ हजार | | |
| २. | प्रदेश | ६० लाख ३४ हजार | | २५ लाख | | १६ लाख १३ हजार | | |
| ३. | गा.पा. | | | | | | ३० लाख | |
| | जम्मा | ९ करोड ५० लाख ३४ हजार | | | | | | |
| | **कुल जम्मा** | **३५ करोड ४८ लाख ८६ हजार** | | | | | | |

**सभाध्यक्ष ज्यू,**

आ.व. ०७८।७९ को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालुतर्फ **रू २८ करोड २२ लाख ८६ हजार** र पुजिगत तर्फ रू**. ७ करोड २६ लाख** गरी जम्मा रू **३५ करोड ४८ लाख ८६ हजार** विनियोजन गरेको छु । जस मध्ये चालु खर्च तर्फ कुल वजेटको **७९.५४** प्रतिशत र पूँजीगत तर्फ **२०.४६** प्रतिशत रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

ढकारी गाउँपालिकाको कुल विनियोजित बजेट बाट व्यहोर्ने गरी सम्पुर्ण वडामा **१ करोड ८३ लाख** बजेट बिनियोजन गरेको छु ।

त्यसैगरी चालु खर्च अन्तर्गत गाउँपलिका र विषयगत शाखाको लागि रू. **७ करोड ६३ लाख ८६ हजार** विनियोजन गरेको छु ।

| **आ.व. २०७८/०७९ को चालु खर्च तर्फको विनियोजित बजेट** | | | |
|---|---|---|---|
| **क्र.स.** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
| १ | गाउँपालिका चालु खर्च | ६८०८६००० | |
| २ | निजि स्रोत शिक्षक अनुदान | ४९०००००० | |
| ३ | कृषि शाखा | १०००००० | |
| ४ | पशु शाखा | १०००००० | |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | १०००००० | |
| ६ | स्वास्थ्य शाखा | २०००००० | |
| ७ | शिक्षा युवा तथा खेलकुद शाखा | १५००००० | |
| ८ | सहकारी तथा गरिबि निवारण शाखा | ८००००० | |
| ९ | न्यायिक समिति | १०००००० | |
| १० | औषधि | २०००००० | |
| ११ | रेडियो जाल्पालाइ कार्यक्रम | ५००००० | |
| १२ | युवा क्लब द्वार जनचेतना कार्यक्रम | १५०००० | |
| १३ | सिकाइ सहजिकरण | १५००००० | |
| १४ | विपद व्यवस्थापन | १०००००० | |
| १५ | बयालपाटा अपताल सहयोग | १५००००० | |
| १६ | वडागत चालु | २०५०००० | |
| १७ | संघ चालु ससर्त | १४८२००००० | |
| **जम्मा** | | **२८२२८६०००** | |

| आ.व. २०७८/०७९ को पुँजिगत खर्च तर्फको विनियोजित बजेट | | | |
|---|---|---|---|
| **क्र.स.** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
| १ | बलाता बेनिघाट सडक निर्माण (गा.पा समपुरक) | ६१०००००० | |
| २ | राक्सेखाद बासल्ला मैकाडाँडा सडक निर्माण | २५०००००० | |
| ३ | रुज टिमु टटाली सडक | १०००००० | |
| ४ | विद्युत विस्तार | ५०००००० | |
| ५ | गाउँपालिका भवन निर्माण | १५०००००० | |
| ६ | वडा पुजिगत | १६२५०००० | |
| ७ | अन्य सार्वजनिक निर्माण | २२५०००० | |
| ८ | सघिय ससर्त | ६७०००००० | |
| ९ | सघिय विशेष | ९२०००००० | |
| १० | संघिय समपुरक | ६१०००००० | |
| ११ | प्रदेश विशेष | २५०००००० | |
| जम्मा | | **७२६०००००** | |

**माथि उल्लेखित बजेटमा तपशिल बमोजिमका मुख्य कार्यक्रमहरु समावेश गरेको छु ।**

**१.** राजिमाला ढुङ्गाचाल्ना झोलुङ्गे पुल निर्माणका लागी रु २१ लाख ।
**२.** बलाता बेनिघाट सडक खण्डको निर्माणका लागी रु १ करोड २२ लाख ।
**३.** शिशु सुधार आधारभुत विद्यालयको भवन निर्माणका लागी रु ४६ लाख ।
**४.** त्रीपुरेश्वरी आधारभुत विद्यालयको भवन निर्माणका लागी ४६ लाख ।
**५.** गाउँपालिका मुख्य बजार क्षेत्रमा सडक बत्ती जडान गर्न रु १० लाख।
**६.** विद्युत केन्द्रिय प्रशारण लाईनलाई गाउँपालिका तथा वडाको केन्द्रसम्म पुर्याउन रु ५० लाख ।
**७.** आ.व २०७८/७९ मा १७२ घरधुरी लाई सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत टिनका जस्ता पाता वितरण गर्नको लागी रु ३२ लाखको व्यवस्था गरेको छु ।
**८.** गाउँपालिका तथा वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागी रु १ करोड ८५ लाख बिनियोजन गरेको छु ।
**९.** कृषक प्रोत्साहान भत्ता कार्यक्रम अन्तर्गत भैसि पालक कृषकका लागी मासिक रु १०००/- बाख्रा पालक कृषकका लागी मासिक रु ५००/-, लोकल कुखुरा पालक कृषकका लागी मासिक रु ५००/-, फलफुल तथा तरकारी उत्पादक कृषकका लागी मासिक रु १०००/- का दरले व्यवस्था गरेको छु ।
**१०.** अपाङ्ग निर्वाह भत्ता कार्यक्रमका लागी प्रत्येक ग र घ वर्गको परिचयपत्र बाहक व्यक्तिलाइ वार्षिक रु १ हजारका दरले भत्ता प्रदान गर्ने व्यवस्था गरेको छु ।

- आगामी आर्थिक वर्ष ०७८/०७९ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. **८ करोड ९० लाख**, र प्रदेश वाट प्राप्त हने वित्तिय समानीकरण तर्फको अनुदान रू **६० लाख ३४ हजार**, संघबाट प्राप्त हुने राजश्व वाँडफाड वाट रू**८ करोड २५ लाख ३९ हजार** , प्रदेश सरकार वाट प्राप्त हुने राजश्व वाँडफाँड बाट रू **१६ लाख १३ हजार** र **संघ** सरकारवाट प्राप्त हुने **शर्शत अनुदान १५ करोड ४९ लाख, संघ** सरकारबाट प्रप्त हुने **विशेष अनुदान** रु **९२ लाख, प्रदेश**बाट प्राप्त हुने **विशेष अनुदान** रु **२५ लाख** तथा **संघ** सरकार बाट प्राप्त हुने **समपुरक अनुदान** रु **६१ लाख** र **आन्तरिक आम्दानी**को अनुमानित प्रक्षेपण रू **३० लाख** मध्ये बाट व्यहोरिने छ । साथै आगामी आ.व.०७८।७९ मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमानित सुनिश्चितता भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने हेतुले आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु ।

- प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथिहरु, नागरिक समाज, बुद्धिजिवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण ढकारी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- अन्त्यमा, यस ढकारी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने ढकारी गाउँपालिकाका नागरिक, करदाता, ढकारी गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

- समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं । धन्यवाद !

लक्ष्मी साउद<br>
उपध्यक्ष<br>
ढकारी गाउँपालिका